# परिशिष्ट-६

## प्रज्ञापनपत्र संशोधन सम्बन्धी मार्ग निर्देशन, २०६९

भन्सार आधुनिकीकरणको साधनको रुपमा आशिकुडा प्रणाली रहेको कुरा विदितै छ । आशिकुडा प्रणालीका विभिन्न मोड्युलहरुमध्ये ब्रोकर मोड्युल (स्वयं घोषणा) आधुनीकीकरणको पहिलो कार्यसूची हो । भन्सारमा प्रज्ञापनपत्र एजेन्टले घोषणा गरिसकेपछि धैरै संशोधन हुने गरेको, संशोधनको कारण उल्लेख गर्ने नगरिएको, कारण उल्लेख भएपनि समुचित नदेखिएको, कतिपय प्रज्ञापनपत्रहरु Cancel/Delete हुने गरेको, आयातकर्ता वा एजेन्टले भन्सारमा मालवस्तुको घोषणा गरिसकेपछि सोको संशोधन, कहाँ, कस्ले, कतिवेला संशोधन गर्ने र सो को उचित व्यवस्थापन कसरी गर्ने सम्बन्धमा भन्सार कार्यविधि, २०६७ को परिच्छेद १७ को १७.१ लाई स्पष्ट र व्यवस्थित गर्न आवश्यकता देखिएकोले यो मार्ग निर्देशन जारी गरिएको छ ।

### परिच्छेद-१

१. यो मार्ग निर्देशनको नाम प्रज्ञापनपत्र संशोधन सम्बन्धी मार्ग निर्देशन, २०६९ रहेको छ ।

२. यो मार्ग निर्देशन विभागले तोकेको मितिदेखि लागू हुनेछ ।

३. यस मार्ग निर्देशनमा उल्लेखित विषयहरु भन्सार ऐन र भन्सार नियमावलीसँग वाझिएमा स्वतः निस्कृय हुनेछन् ।

४. आशिकुडा प्रणाली भन्नाले भन्सार कार्यालयमा मालवस्तु घोषणा गर्दा प्रयोग गर्ने सफ्टवेयरलाई वुझिन्छ ।

५. **"ब्रोकर"** मोड्युल भन्नाले आशिकुडा प्रणालीको एउटा मोड्युल जसमा भन्सार एजेन्ट, निर्यातकर्ता तथा आयातकर्ताले स्वयं घोषणा गर्ने गर्दछन् ।

६. **"छनौट मार्ग"** भन्नाले भन्सारमा मालवस्तु घोषणा गरिसकेपछि जोखिमको आधारमा मालवस्तु जाँचपास हुने मार्ग (LANE) वुझिन्छ ।

७. **"एसिसमेन्ट"** भन्नाले आशिकुडा प्रणालीवाट महसुल निर्धारण गरी प्रज्ञापनपत्रलाई एसिसमेन्ट नम्वर दिने र जाँचपास गर्ने प्रक्रिया वुझ्नु पर्दछ ।

### परिच्छेद-२

८. भन्सारमा मालवस्तु घोषणा गरिसकेपछि (प्रज्ञापनपत्र आशिकुडा प्रणालीमा दर्ता गरिसकेपछि) सच्याउन तथा संशोधन गर्न वा Cancel or Delete गर्न यो मार्ग निर्देशनका प्रक्रिया अवलम्वन गरेर वाहेक पाइनेछैन ।

९. प्रज्ञापनपत्रहरुलाई सच्याउने, संशोधन गर्ने वा Cancel or Delete गर्ने आधारमा निम्नानुसार चरणमा वर्गीकरण गरिएको छः

   (क) जाँचपासका लागि दर्ता मात्र भएका प्रज्ञापनपत्र (छनौट मार्ग निर्धारण गर्न वाँकी रहेका)

   (ख) छनौटी मार्ग निर्धारण गरिएका प्रज्ञापनपत्र (जाँचपास गर्न वाँकी)

   (ग) एसिमेन्ट भई जाँचपास हुन वाँकी प्रज्ञापनपत्र (प्रज्ञापनपत्रमा सही गर्न वाँकी)

   (घ) जाँचपास भइ सकेका प्रज्ञापनपत्र (जाँचपास भई मालवस्तु वाहिरिइ सकेको अवस्था) ।

### परिच्छेद-३

१०. भन्सारमा मालवस्तु घोषणा गरिसकेपछि (प्रज्ञापनपत्र आशिकुडा प्रणालीमा दर्ता गरिसकेपछि) सच्याउन तथा संशोधन गर्न देहाय बमोजिमको प्रक्रिया अवलम्वन गर्नुपर्नेछ ।

(क) जाँचपासका लागि दर्ता मात्र भएका प्रज्ञापनपत्र (छनौट मार्गनिर्धारण गर्न वाँकीरहेका) अनुसूची–१ वमोजिमको Lodge Data Change Request Form भरेर एजेन्टले Duty Officer समक्ष वुझाएपछि Duty Officer ले संलग्न प्रमाण वमोजिम प्रज्ञापनपत्र संशोधन गर्ने तथा आदेश दिन सक्नेछ । Duty Officer ले सो संशोधनका प्रमाणहरु संकलन गरी राख्नु पर्नेछ ।

(ख) छनौट मार्ग निर्धारण गरिएका प्रज्ञापनपत्र (जाँचपास गर्न वाँकी) अनसूची १ बमोजिमको Lodged Data Change Request Form भरेर एजेन्टले Duty Officer समक्ष वुझाएपछि Duty Officer ले संलग्न प्रमाण वमोजिम प्रज्ञापनपत्र संशोधन गर्ने तथा आदेश दिन सक्ने छ । Duty Officer ले सो संशोधन का प्रमाणहरु संकलन गरी राख्नु पर्नेछ ।

(ग) Green Lane वाट एसिसमेन्ट भई जाँचपास हुन वाँकी प्रज्ञापनपत्र (प्रज्ञापनपत्रमा सही गर्न वाँकी) अनुसूची १ वमोजिमको Lodged Data Change Request Form भरेर एजेन्टले Duty officer समक्ष वुझाएपछि Duty Officer ले संलग्न प्रमाण वमोजिम प्रज्ञापनपत्र संशोधन गर्न कार्यालय प्रमुख समक्ष पेश गर्नुपर्नेछ । प्रमुखले संलग्न प्रमाणका आधारमा प्रज्ञापनपत्र संशोधनका लागि विभागमा लेखी पठाउनु पर्नेछ । सो संशोधनको जिम्मेवारी विभागको IT शाखाकोहुनेछ । IT शाखाले सो प्रमाणहरु संकलन गरी राख्नु पर्नेछ । Green LANE वाहेक अन्य Lane वाट एसिमेन्ट भएका प्रज्ञापनपत्रहरु संशोधन गर्न सकिनेछैन ।

(घ) जाँचपास भइ सकेका प्रज्ञापनपत्र (जाँचपास भइ मालवस्तु वाहिरिइसकेको अवस्था) को प्रज्ञापनपत्रको संशोधन गर्न सकिनेछैन ।

## परिच्छेद-४

११. भन्सारमा मालवस्तु घोषणा गरिसकेपछि (प्रज्ञापनपत्र आशिकुडा प्रणालीमा दर्ता गरिसकेपछि) Cancel तथा Delete गर्न देहाय बमोजिमको प्रक्रिया अवलम्वन गर्नुपर्नेछ ।

(क) जाँचपासका लागि दर्ता मात्र भएका प्रज्ञापनपत्रहरु (छनौट मार्ग निर्धारण गर्न वाँकीरहेका) अनुसूची-२ वमोजिमको Lodged Data Change Requet Form for Cancel/Delete भरेर एजेन्टले Duty Officer सक्षम बुझाए पछि Duty Officer ले संलग्न प्रमाण वमोजिम प्रज्ञापनपत्र Cancel/Delete गर्न कार्यालय प्रमुख समक्ष पेश गर्नुपर्नेछ । कार्यालय प्रमुखले संलग्न प्रमाणका आधारमा प्रज्ञापनपत्र Cancel/Delete लागि आदेश दिनुपर्नेछ । Duty Office ले सो प्रमाणहरु संकलन गरी राख्नु पर्नेछ ।

(ख) छनौट मार्ग निर्धारण गरिएका प्रज्ञापपत्र (जाँचपास गर्नवाँकी) अनुसूची२ वमोजिमको Lodged Data Change Request form for Cancel/Delete भरेर एजेन्टले Duty officer समक्ष बुझाए पछि Duty Officer ले संलग्न प्रमाण वमोजिम प्रज्ञापनपत्र Cancel/Delete गर्न कार्यालय प्रमुख समक्ष पेश गर्नुपर्नेछ । प्रमुखले संलग्न प्रमाणका आधारमा प्रज्ञापनपत्र Cancel/Delete लागि आदेश दिनु पर्नेछ । Duty Officer ले सो प्रमाणहरु संकलन गरी राख्नु पर्नेछ ।

(ग) Green LANE वाट एसिसमेन्ट भइ जाँचपास हुन वाँकी प्रज्ञापनपत्र (प्रज्ञापनपत्रमा सही गर्न वाँकी) अनुसूची २ वमोजिमको Lodged Data Change Request form Cancel/Delete भरेर एजेन्टले Duty Officer समक्ष बुझाएपछि Duty Officer ले संलग्न प्रमाण वमोजिम प्रज्ञापनपत्र Cancel/Delete गर्न कार्यालय प्रमुख समक्ष पेश गर्नुपर्नेछ । प्रमुखले संलग्न प्रमाणका आधारमा प्रज्ञापनपत्र Cancel/Delete का लागि विभागमा लेखी पठाउनु पर्नेछ । सो Cancel/Delete को जिम्मेवारी विभागको IT शाखाको हुनेछ । IT शाखाले सो प्रमाणहरु संकलन गरी राख्नु पर्नेछ । Green LANE वाहेक अन्य Lane वाट एसिमेन्ट भएका प्रज्ञापनपत्रहरु Cancel/Delete गर्न सकिनेछैन ।

(घ) जाँचपास भइ सकेका प्रज्ञापनपत्र (जाँचपास भइ मालवस्तु वाहिरिइसकेको अवस्था) को प्रज्ञापनपत्रको Cancel/Delete गर्न सकिनेछैन ।

१२. जाँचपासका लागि दर्ता मात्र भएका प्रज्ञापनपत्रहरु (छनौट मार्ग निर्धारण गर्न वाँकी रहेका) र छनौट मार्ग निर्धारण गरिएका प्रज्ञापनपत्रहरु (जाँचपास गर्न वाँकी) का दरवन्दी र मूल्याङ्कन परिवर्तनका लागि Duty Officer ले Lodged Data Change Request Form भरी गर्न सक्नेछ भने दरवन्दी र मूल्याङ्कन परिवर्तन गर्दा राजस्व घट्ने भएमा Lodged Data Change request Form कार्यालय प्रमुखवाट स्वीकृत गराइ राख्नु पर्नेछ ।

१३. मानवीय त्रुटीका कारण हुन गएका भूलहरु संशोधन गर्न पनि उल्लेखित प्रक्रियाहरु नै अवलम्वन गर्नुपर्नेछ ।

१४. स्थायी लेखा न. परिवर्तन, राजस्व घट्ने र Cancel/Delete गर्नुपर्ने अवस्थामा जाँचपासका लागि दर्ता मात्र भए प्रज्ञापनपत्रहरु (छनौट मार्ग निर्धारण गर्न वाँकी रहेका) र छनौट मार्ग निर्धारण गरिएका प्रज्ञापनपत्रहरु ( जाँचपास गर्न वाँकी) भएपनि कार्यालय प्रमुखवाट Lodged Data Change Requet Form स्वीकृत गराइ राख्नु पर्नेछ ।

१५. प्रज्ञापनपत्र दर्ता भइसकेपछि संशोधन गर्न नसकिने महलहरु जस्तै प्रज्ञापनपत्र नं., एजेन्ट, घोषणाको मोडेल (eg. IM4, IM5, IM9) संशोधन गर्न नसकिने महलहरु संशोधनको लागि LDCR Form स्वीकार गर्नु हुँदैन ।

१६. एसिसमेन्ट भइसकेका प्रज्ञापनपत्रहरु दरवन्दी र मूल्याङ्कन परिवर्तनका लागि संशोधन गर्नुपर्ने र थप राजस्व असुल गर्नुपर्ने अवस्थामा संशोधन नगरी अर्को प्रज्ञापनपत्र भरी सोवाट छुट असुल गर्नुपर्नेछ ।

१७. दर्ता भएका प्रज्ञापनपत्रहरुको निर्यातकर्ता, आयातकर्ता, भन्सार एजेन्ट, मालवस्तुको नाम, हार्मोनाइज्ड कोड, भन्सार मूल्य, लाग्ने करहरु, परिमाण, प्रक्रियागत कोड, एसिसमेन्ट नं., रसिद नं.समेतको विवरण

प्रज्ञापनपत्रको सिलसिलेवार नं. को दैनिक प्रिन्ट गरी मासिक किताव वनाई कार्यालय प्रमुखवाट प्रमाणीत गराइ राख्नुपर्नेछ ।

१८. दर्ता भएका प्रज्ञापनपत्रहरु (एसिसमेन्ट नभएका र भएका समेत) १ महिनासम्ममा पनि जाँचपास नभएका कार्यालय प्रमुखले आवश्यक कारवाही गरी टुङ्गो लगाउनु पर्नेछ ।

१९. भन्सार ऐन, भन्सार नियमावली र भन्सार कार्यविधिमा स्पष्ट उल्लेख गरिएका विषयहरु कार्यान्वयन गर्दा सोही कानूनहरु पालना गारेर मात्र गर्नुपर्नेछ ।

२०. Lodged Data Change Request Form को मासिक विवरण विभागको इन्टेलिजेन्स शाखामा प्रत्येक महिनाको ७ गतेभित्र पठाउनु पर्नेछ र विभागवाट प्रत्येक ४।४ महिनाको कम्तीमा १ पटक LDCR Audit (LDCR परीक्षण) गर्न सक्नेछ ।

२१. यो कार्यविधिमा उल्लेख भएका प्रक्रिया पुरा नगरी कुनै प्रज्ञापनपत्र संशोधन र Cancel/Delete गरेको पाइएमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।